गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद् जापान

विधान संशोधन प्रस्ताव २०२६

आज मिति २०२६ नोभेम्बर ४ तारिखका दिन गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको विधान संशोधन समिति २०२६ को बैठक भर्चुअल रूपमा बसी तपसिलबमोजिमका विधान संशोधनसम्बन्धी प्रस्ताव तथा मस्यौदाहरूमाथि विस्तृत छलफल, समीक्षा एवं आवश्यक परिमार्जन गरी संशोधित मस्यौदाहरू तयार गरिएको हुँदा उक्त संशोधित मस्यौदालाई कार्यसमितिबाट आवश्यक छलफल गरि साझा दस्तावेजका रूपमा अघि बढाउने र आगामी साधारण सभामा छलफल तथा आवश्यक सुझावका लागि पेस गर्ने निर्णय गरियो।

उपस्थिति

अध्यक्ष : सुभाष लामिछाने

संयोजक: श्याम शीतल

सदस्य : नेत्र प्रसाद पाण्डे

सदस्य: बिष्णु सापकोटा

सदस्य: ललिता तामांग

सदस्य : सागर कार्की

सदस्य: मुक्ति राज रेग्मी

सदस्य: सचिन आचार्य

कार्यालय सचिब: रामकृष्ण शर्मा

विवरण	जानकारी
प्रस्तुत गर्ने निकाय	गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापान
प्रस्तावको विषय	संघको विधानका विभिन्न दफा तथा उपदफामा संशोधन, थपघट र स्पष्टता
प्रस्तावको आधार	प्राप्त वर्तमान प्रावधान तथा संशोधन प्रस्तावको ५ पृष्ठे मस्यौदा
प्रस्तुतिको उद्देश्य	साधारण सभा/विधानसभामा छलफल, सुझाव संकलन र आवश्यक निर्णय

बिधान संशोधन समिति सल्लाहकार

१ सुभाष लामिछाने : अध्यक्ष गैरआवासीय नेपाली संघ जापान

२ टिकाराम खरेल : पूर्व महासचिब गैरआवासीय नेपाली संघ जापान

३ मुक्तिराम खनाल (बिनोद): पूर्व महासचिब गैरआवासीय नेपाली संघ जापान

४ सिद्धार्थ श्रेष्ठ : पूर्व महासचिब गैरआवासीय नेपाली संघ जापान

५ डा सुदिप अधिकारी : पूर्व महासचिब गैरआवासीय नेपाली संघ जापान

६ कुमार बस्नेत : पूर्व महासचिब गैरआवासीय नेपाली संघ जापान

बिधान संशोधन समिति

संयोजक: श्याम शीतल

सदस्य : नेत्र प्रसाद पाण्डे

सदस्य: बिष्णु सापकोटा

सदस्य: ललिता तामांग

सदस्य : सागर कार्की

सदस्य: मुक्ति राज रेग्मी

सदस्य: सचिन आचार्य

कार्यालय सचिब: रामकृष्ण शर्मा



१. प्रस्तावनाको पृष्ठभूमि

गैरआवासीय नेपाली संघ, राष्ट्रिय समन्वय परिषद् जापानको संगठनात्मक संरचना, कार्यसम्पादन, क्षेत्रीय समन्वय परिषद्को गठन तथा निर्वाचनमा उम्मेदवारको योग्यता सम्बन्धी व्यवस्थालाई थप व्यवस्थित, स्पष्ट र समयानुकूल बनाउने उद्देश्यले विधानका विभिन्न दफा तथा उपदफामा संशोधन प्रस्ताव तयार गरिएको छ।

यस प्रस्तावमा कार्यसमितिको सदस्य संख्या तथा पद संरचना परिमार्जन, बैठकमा अनुपस्थितिको व्यवस्था यथावत् राख्ने, क्षेत्रीय समन्वय परिषद्को सदस्य संख्या र संरचनालाई पञ्जीकृत सदस्य संख्याका आधारमा निर्धारण गर्ने, आर्थिक संकलन तथा रकम हस्तान्तरणसम्बन्धी व्यवस्था खारेज गर्ने, लेखा–अनुगमन तथा अनुशासन समितिको गठनसम्बन्धी प्रावधान स्पष्ट गर्ने र उम्मेदवारको योग्यता तथा अयोग्यतासम्बन्धी मापदण्ड परिमार्जन गर्ने विषय समेटिएका छन्।

२. संशोधन प्रस्तावका मुख्य विषयहरू

दफा	विषय	प्रस्तावको सार
२७.१	राष्ट्रिय समन्वय परिषद् जापानको कार्यसमिति	निर्वाचित सदस्य संख्या ३५ बाट ४१ पुऱ्याउने तथा पदाधिकारी/सदस्यको संरचना परिमार्जन गर्ने।
३४.२	नियमित पूर्ण बैठकमा अनुपस्थिति	तीन पटक अनुपस्थित भए पद स्वतः रिक्त हुने व्यवस्था यथावत् राख्ने; अस्पतालमा उपचाररत रहेको प्रमाणसहित लिखित जानकारी प्राप्त भएको अवस्थालाई अपवाद मान्ने।
३७.४	क्षेत्रीय समन्वय परिषद्को गठन	पञ्जीकृत सदस्य संख्याका आधारमा क्षेत्रीय कार्यसमितिको संरचना र अधिकतम सदस्य संख्या निर्धारण गर्ने।
३७.८	क्षेत्रीय परिषद्को आर्थिक संकलन	बचत रकमको ५० प्रतिशत रासप जापानलाई बुझाउनुपर्ने व्यवस्था खारेज गर्ने ।
३८	लेखा, अनुगमन तथा अनुशासन समिति	तीन सदस्यीय केन्द्रीय समितिको गठनसम्बन्धी व्यवस्था कायम राख्ने।
५३	उम्मेदवारको योग्यता	अध्यक्ष, पदाधिकारी, क्षेत्रीय संयोजक तथा अन्य पदका उम्मेदवारको अनुभव/कार्यकालसम्बन्धी योग्यता परिमार्जन गर्ने।
५३.१३–५३.१५	थप व्यवस्था	लेभी तथा शुल्क चुक्ता प्रमाण, सहमतिका आधारमा एक वर्षे कार्यकालको वैधानिकता र संघसंस्थाको वर्तमान नेतृत्व/राजनीतिक भातृसंगठनको कार्यकारी जिम्मेवारीसम्बन्धी व्यवस्था थप गर्ने।

संशोधन प्रस्ताव

३.१ दफा २७.१ — राष्ट्रिय समन्वय परिषद् जापानको कार्यसमिति

वर्तमान व्यवस्था: राष्ट्रिय समन्वय परिषद् जापानको ३५ सदस्यीय निर्वाचित कार्यसमितिका लागि निर्वाचन गर्ने व्यवस्था छ।

संशोधन प्रस्ताव

क्र.सं.	वर्तमान प्रावधान			प्रस्तावित मस्यौदा		
	पद	संख्या	कैफियत	पद	संख्या	कैफियत
1	अध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	अध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
2	वरिष्ठ उपाध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	वरिष्ठ उपाध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
3	उपाध्यक्ष	५	एक महिला र एक क्षेत्रीय उपाध्यक्ष ३ खुला निर्वाचन प्रक्रियाबाट निर्वाचित	उपाध्यक्ष	६	एक महिला र एक क्षेत्रीय उपाध्यक्ष ४ खुला निर्बाचन प्रक्रियाबाट निर्बाचित
4	महासचिव	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	महासचिव	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
				उप महासचिब	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
5	सचिव	४	१ महिला, १ क्षेत्रीय सचिव, २ खुला प्रतिस्पर्धाबाट	सचिव	५	१ महिला, १ क्षेत्रीय सचिव, ३ खुला प्रतिस्पर्धाबाट
6	कोषाध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	कोषाध्यक्ष	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
7	सह-कोषाध्यक्ष	३	१ महिला, १ क्षेत्रीय र १ खुल्ला	सह-कोषाध्यक्ष	४	१ महिला, १ क्षेत्रीय र २ खुल्ला
8	प्रवक्ता	१	अध्यक्षको सिफारिसमा कार्यसमितिले मनोनयन गर्ने	प्रवक्ता	१	अध्यक्षको सिफारिसमा कार्यसमितिले मनोनयन गर्ने
9	युवा संयोजक	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	युवा संयोजक	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
10	महिला संयोजक	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित	महिला संयोजक	१	निर्वाचन प्रक्रियाबाट निर्वाचित
11	सदस्य	११	२ महिला	सदस्य	१३	२ महिला
12	मनोनीत सदस्य	५	१ महिला; २ क्षेत्रीय समितिमा कम्तिमा १ कार्यकाल काम गरेको सहित ५ जना	मनोनीत सदस्य	५	१ महिला; २ क्षेत्रीय समितिमा कम्तिमा १ कार्यकाल काम गरेको सहित ५ जना
	कुल	३५		कुल	४१	

प्रस्तावित संरचनाअनुसार उपाध्यक्ष, सचिव तथा सह–कोषाध्यक्ष पदमा महिला तथा क्षेत्रीय समन्वयका लागि समावेशी प्रतिनिधित्वको व्यवस्था राखिएको छ। क्षेत्रीय उपाध्यक्ष तथा महिला उपाध्यक्षले सम्बन्धित विभागको संयोजकको जिम्मेवारी निर्वाह गर्ने र अन्य उपाध्यक्षलाई कार्यसमितिको बैठकबाट समितिको संयोजकको जिम्मेवारी दिन सकिने प्रस्ताव छ। विभाग तथा विभागअन्तर्गत आवश्यक टास्कफोर्स गठन गर्न सकिने व्यवस्था पनि प्रस्तावमा समेटिएको छ।

प्रस्तावित संरचनामा मनोनित सदस्यतर्फ एक जना महिला तथा दुई जना क्षेत्रीय समन्वय परिषद्मा कम्तीमा एक कार्यकाल कार्यसम्पादन गरेका व्यक्तिसहित ५ जना रहने उल्लेख छ।

दफा ३७.४ — क्षेत्रीय समन्वय परिषद्को गठन

संशोधन प्रस्तावले क्षेत्रीय समन्वय परिषद्को कार्यसमितिको संरचना पञ्जीकृत सदस्य संख्याका आधारमा निर्धारण गर्ने व्यवस्था प्रस्ताव गरेको छ।

क) पञ्जीकृत सदस्य संख्या १,००० भन्दा बढी भएको क्षेत्रीय समन्वय परिषद्का लागि बढीमा २९ सदस्यीय संरचना प्रस्ताव गरिएको छ। प्रस्तावित तालिकामा

पद	वर्तमान व्यवस्था	संशोधन प्रस्ताव
संयोजक	१	१
बरिष्ठ उप संयोजक	छैन	१
उप संयोजक	४ (१ महिला ३ खुल्ला)	४ (१ महिला ३ खुल्ला)
सचिव	१	१
सह सचिव	२	३ (१ महिला २ खुल्ला)
कोषाध्यक्ष	१	१
सह–कोषाध्यक्ष	१	२
प्रवक्ता	छैन	१ (संयोजकाको सिफारिसमा कार्यसमितिबाट मनोनयन)
युवा संयोजक	१	१
महिला संयोजक	छैन	१
निर्वाचित सदस्य	१४ (२ महिलासहित)	१३ (२ महिलासहित)
जम्मा	२५ अधिकतम	२९ अधिकतम

ख) पञ्जीकृत सदस्य संख्या १,००० भन्दा कम भएको क्षेत्रीय समन्वय परिषद्का लागि बढीमा २५ सदस्यीय संरचना प्रस्ताव गरिएको छ। प्रस्तावित संरचनामा यस प्रकार रहने छ।

पद	वर्तमान व्यवस्था	संशोधन प्रस्ताव
संयोजक	१	१
बरिष्ठ उप संयोजक	१	१
उप संयोजक	३(१ महिला २ खुल्ला)	३(१ महिला २ खुल्ला)
सचिव	१	१
सह सचिव	२	२
कोषाध्यक्ष	१	१
सह–कोषाध्यक्ष	१	२
प्रवक्ता	छैन	१ (संयोजकाको सिफारिसमा कार्यसमितिबाट मनोनयन)
युवा संयोजक	१	१
महिला संयोजक	छैन	१
निर्वाचित सदस्य	१४ (२ महिलासहित)	११(२ महिलासहित)
जम्मा	२५ अधिकतम	२५ अधिकतम

३.४ दफा ३७.८ — क्षेत्रीय समन्वय परिषद्को आर्थिक संकलन

वर्तमान व्यवस्थाअनुसार क्षेत्रीय समन्वय परिषद्ले सदस्यता शुल्क, चन्दा, उपहार, प्रकाशन, बिक्री वितरण, विज्ञापन, सांस्कृतिक कार्यक्रम, सेमिनार, गोष्ठी, तालिम, परामर्श सेवा तथा अन्य स्रोतबाट आर्थिक संकलन गर्न सक्ने र त्यसरी संकलित रकमको बचतको ५० प्रतिशत रासप जापानलाई बुझाउनुपर्ने व्यवस्था छ।

संशोधन प्रस्तावमा उक्त ५० प्रतिशत बचत रकम रासप जापानलाई बुझाउनुपर्ने व्यवस्था खारेज गरिने छ।

३.६ दफा ५३ — उम्मेदवारको योग्यता

उम्मेदवारको योग्यता सम्बन्धी दफामा विभिन्न पदका लागि आवश्यक कार्यकाल, संगठनात्मक अनुभव तथा जिम्मेवारीसम्बन्धी मापदण्ड परिमार्जन गर्ने प्रस्ताव गरिएको छ। मुख्य प्रस्तावहरू निम्नानुसार छन्।

क. दफा ५३.१ — राष्ट्रिय समन्वय परिषद्को अध्यक्ष

अध्यक्ष पदमा उम्मेदवार बन्न राष्ट्रिय समन्वय परिषद्को कुनै पदाधिकारी पदमा रही कम्तीमा दुई कार्यकाल काम गरेको वा अन्तर्राष्ट्रिय समन्वय परिषद्को सदस्य/पदाधिकारी भई एक कार्यकाल काम गरेको हुनुपर्ने प्रस्ताव छ। साथै कुनै पनि राजनीतिक भातृसंगठनको वर्तमान जिम्मेबारीमा नरहेको हुनुपर्ने छ।

ख. दफा ५३.२ — अन्य पदाधिकारी पदहरू

अध्यक्षबाहेकका पदाधिकारी पदमा उम्मेदवार बन्न राष्ट्रिय समन्वय परिषद्को पदाधिकारी, सदस्य, सल्लाहकार वा क्षेत्रीय समन्वय समितिको संयोजक पदमा कम्तीमा एक कार्यकाल पूरा गरेको हुनुपर्ने छ।

युवा संयोजक, महिला संयोजक, सहकोषाध्यक्ष,क्षेत्रीय सहकोषाध्यक्ष तथा महिला सहकोषाध्यक्ष पदका लागि क्षेत्रीय समन्वय परिषद्को कार्यसमितिका जुनसुकै पदमा रही दुई कार्यकाल वा राष्ट्रिय समन्वय परिषद्को सदस्य/मानार्थ सदस्य पदमा रही एक कार्यकाल पूरा गरेकासमेत योग्य हुने छ।

अ) वरिष्ठ उपाध्यक्ष पदका लागि रासप जापानको कार्यसमितिमा कम्तीमा दुई कार्यकाल पदाधिकारीका रूपमा काम गरेको वा क्षेत्रीय समन्वय परिषद्को संयोजक पदमा कम्तिमा एक कार्यकाल र राष्ट्रिय समन्वय परिषद्को कुनै पनि पदाधिकारी पदमा कम्तिमा एक कार्यकाल कार्य सम्पादन गरेको हुनुपर्ने छ।

आ) महासचिव पदका लागि रासप जापानको कार्यसमितिमा कम्तीमा एक कार्यकाल पदाधिकारी वा क्षेत्रीय समन्वय परिषद्को संयोजकका रूपमा कम्तीमा एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ।

इ) क्षेत्रीय सचिव पदका लागि क्षेत्रीय समन्वय परिषद्मा कम्तीमा दुई कार्यकाल पदाधिकारीसहित तीन कार्यकाल कार्यसम्पादन गरेको व्यक्ति समेत योग्य हुने छ।

ग) दफा ५३.४ — क्षेत्रीय समन्वय परिषद्को संयोजक

क्षेत्रीय संयोजक पदमा उम्मेदवार बन्न रासप जापानको पदाधिकारी वा सदस्य पदमा रही एक कार्यकाल कार्यसम्पादन गरेको वा क्षेत्रीय समन्वय परिषद्को पदाधिकारी पदमा रही दुई कार्यकाल सहित कम्तिमा तीन कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ।

पञ्जीकृत सदस्य संख्या १,००० भन्दा कम भएका क्षेत्रीय समन्वय परिषद्का संयोजक पदका लागि रासप जापानको पदाधिकारी वा सदस्य पदमा रही एक कार्यकाल वा क्षेत्रीय समन्वय परिषद्को पदाधिकारी पदमा रही कम्तिमा एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ।

घ) दफा ५३.५ र ५३.६ — क्षेत्रीय पदाधिकारी तथा सदस्य

क्षेत्रीय समन्वय परिषद्को वरिष्ठ उपसंयोजक पदमा उम्मेदवार बन्न क्षेत्रीय समन्वय परिषद्को पदाधिकारी पदमा रही कम्तिमा एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ। संयोजक पदबाहेक अन्य पदाधिकारी पदमा उम्मेदवार बन्न क्षेत्रीय समन्वय परिषद्को सल्लाहकार, सदस्य वा पदाधिकारी, अथवा रासप जापानद्वारा गठित विभाग, टास्कफोर्स वा सल्लाहकार/मानार्थ सदस्य पदमा रही एक कार्यकाल कार्यसम्पादन गरेको हुनुपर्ने छ। क्षेत्रीय समन्वय परिषद्को सदस्य पदमा उम्मेदवार बन्न रासप जापानका पञ्जीकृत सदस्य योग्य हुने प्रस्ताव छ।

च) दफा ५३.१३ — लेभी तथा शुल्क चुक्ता

रासप जापानलाई बुझाउनुपर्ने मासिक लेभी तथा कुनै पनि शुल्क चुक्ता गरेको प्रमाणपत्र अनिवार्य रूपमा पेश नगर्ने व्यक्ति उम्मेदवार बन्न अयोग्य ठहरिने छ।

छ) दफा ५३.१४ — सहमतिका आधारमा कार्यकाल

निर्वाचनको क्रममा सहमतिका लागि कुनै पनि पदमा एक–एक वर्षको कार्यकाललाई वैधानिक हुने छैन । तर २०२५–२०२७ कार्यकालका लागि भएका सहमतिलाई भने वैध मानिने छ।

ज) दफा ५३.१५ — वर्तमान जिम्मेवारीसम्बन्धी योग्यता

राष्ट्रिय समन्वय परिषद् जापानका पदाधिकारी तथा क्षेत्रीय समन्वय परिषद्का संयोजक पदमा उम्मेदवार बन्न कुनै पनि राजनीतिक दलको भातृसंगठनमा वर्तमान कार्यकारी जिम्मेवारी नलिएको तथा कुनै पनि संघसंस्थाको वर्तमान नेतृत्वमा नरहेको हुनुपर्ने छ।

झ) क्षेत्रलाई पञ्जीकृत सदस्य शुल्क भुक्तानी

क्षेत्रबाट बनेको पञ्जीकृत सदस्य शुल्कको २५% रकम राष्ट्रीय समन्वय परिषद्ले निर्बाचन संपन्न भएको ३५ दिन भीत्र सम्बन्धित क्षेत्रीय समितिलाई अनिबार्य भुक्तानी गर्नु पर्नेछ।

५. निष्कर्ष तथा निर्णयार्थ प्रस्ताव

माथि उल्लिखित संशोधन प्रस्तावहरू राष्ट्रिय समन्वय परिषद् जापानको संगठनात्मक संरचना, क्षेत्रीय समन्वय, आर्थिक व्यवस्थापन तथा निर्वाचन प्रक्रियालाई व्यवस्थित र स्पष्ट बनाउने उद्देश्यले सभासमक्ष प्रस्तुत गरिएको छ।

अतः यस विधान संशोधन प्रस्तावमाथि वार्षिक साधारण सभा/विधानसभामा आवश्यक छलफल गरी आवश्यक सुझाव, संशोधन तथा परिमार्जनसहित स्वीकृत गर्ने वा आवश्यक निर्णय लिने प्रस्ताव सभासमक्ष पेश गरिन्छ।

श्याम शीतल

संयोजक बिधान संशोधन समिति

गैरआवासीय नेपाली संघ

राष्ट्रिय समन्वय परिषद् जापान